nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

22°C । वर्ष :११, अंक : ७१ पृष्ठ ४ । बिहीबार,२७ कार्तिक २०८२ । THURSDAY, NOVEMBER 13, 2025.nepalpostdaily.com । मुल्य ५ रुपैंया

## मधेश प्रदेश सरकार गठन विवादमा बहुमत सांसदको रिटमा कारण देखाऊ आदेश

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२६ कात्तिक ।***

सर्वोच्च अदालतले मधेश प्रदेशको मुख्यमन्त्री विवादमा ७४ सांसदले दर्ता गरेको रिटलाई कात्तिक ३० मा सुनुवाइ गर्ने आदेश दिएको छ । त्यसैगरी सर्वोच्चले कात्तिक २३ गते एमालेका सांसद सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गर्नेसम्बन्धी सम्पूर्ण फाइल पेस गर्न पनि भनेको छ। न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले निवेदकले माग गरेको अन्तरिम आदेश जारी गर्ने विषयमा दुवै पक्षको छलफल आवश्यक भएको भन्दै ३० गतेका लागि इजलासले पेसी तोकेको हो। नेकपा एमाले बाहेकका ७४ सांसदले यादवलाई मुख्यमन्त्री बनाउने निर्णय बदर हुनुपर्ने माग गर्दै सर्वोच्च अदालत पुगेका थिए । यही विवादमा मंगलबार अन्तरिम आदेशसमेत जारी भएको थियो । सर्वोच्चले मुख्यमन्त्री नियुक्त भएका सरोजकुमार यादवलाई दीर्घकालीन



निर्णय नगर्न पनि भनेको थियो । नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव, जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादव, माओवादी केन्द्र संसदीय दलका उपनेता युवराज भट्टराई, लोसपा संसदीय दलका नेता जयलुन राईसहितका नेता सर्वोच्च पुगेका हुन् । मधेश प्रदेशमा १ सय ७ जना सांसद छन् । सरकार बनाउन ५४ सांसद बहुमत संख्या हो । एमालेका सभामुखसहित २५, कांग्रेस २२, जसपा १९, जनमत १३, माओवादी ९, लोसपा ९, नेकपा (एस) ७, संघीय समाजवादी, राप्रपा र नागरिक उन्मुक्ति पार्टीका १-१ जना सांसद छन् । यसमध्ये एमालेका सांसद दीपेन्द्र ठाकुर, जसपाका सांसद सरोजसिंह कुशवाह, लोसपाका सांसद अभिराम शर्मा निलम्बित छन् । मधेश प्रदेशसभामा हाल कायम सदस्य संख्या १ सय ४ हो । प्रदेश प्रमुखले एमाले नेता सरोज

बाँकी तेश्रो पृष्ठमा⇨


## बीरगन्जमा पत्रकारहरुका लागि हैजाविरुद्धको खोप शिविर भोलीदेखि सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२६ कात्तिक ।***


नेपाल पत्रकार महासंघ पर्सा शाखाको पहलमा पत्रकार हरूका लागि हैजाविरुद्धको खोप शिविर सञ्चालन हुने भएको छ । महासंघका अनुसार शिविर कात्तिक २७ गते बिहीबार बिहान ११ बजे देखि क्लासिक ब्याङ्केट, आर्मी ब्यारेकको उत्तर बीरगन्जमा सुरु हुनेछ ।

नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालले पत्रकार हरूलाई स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न खोप कार्यक्रममा अनिवार्य उपस्थित हुन आह्वान गरेका छन् ।



उनले भने, “हैजा संक्रमणको जोखिम न्यूनीकरणका लागि पत्रकारहरूले खोप लिनु आवश्यक छ । आफ्नो परिवारका सदस्य र आफन्तहरूलाई समेत खोपका लागि ल्याउन सक्नुहुन्छ ।” महासंघले यस कार्यक्रममार्फत पत्रकार समुदायमा हैजा संक्रमणबाट सुरक्षा र स्वास्थ्य सचेतना वृद्धि गर्ने उद्देश्य राखेको जनाएको छ ।

## रामगढवा एकता युवा क्लबको पहलमा खुला रक्तदान कार्यक्रम हुने



***बीरगन्ज,२६ कात्तिक ।***

वीरगन्ज महानगरपालिका-२४, रामगढवा एकता युवा क्लबले “रक्तदान जीवनदान, सेवा नै धर्म हो” भन्ने मूल नाराका साथ खुला रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ । क्लबका अनुसार कार्यक्रम आगामी २०७८ कार्तिक २९ गते, शनिबार बिहान ७ बजे रामगढवास्थित काशी विश्वनाथ कलोनीमा सञ्चालन हुनेछ । कार्यक्रमको उद्देश्य युवाहरूलाई सामाजिक सेवा र मानवतामूलक कार्यमा संलग्न गराउने रहेको क्लबका त्रिलोकी पटेलले जानकारी दिए । उनका अनुसार क्लबले स्थानीय युवा, समुदायका सदस्यहरू तथा सबै इच्छुक व्यक्तिहरूलाई रक्तदानमा सहभागी भई मानव जीवन बचाउने अभियानमा हातेमालो गर्न आग्रह गरेको छ । रक्तदान कार्यक्रममा स्थानीय निकायका प्रतिनिधि, स्वास्थ्यकर्मी र विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थित रहने जनाइएको छ । क्लबले यस कार्यक्रममार्फत समाजमा मानवीय सहयोग र दातृत्वको सन्देश फैलाउने लक्ष्य राखेको बताएको छ ।

## पर्सामा मिटरब्याजीको अत्याचार: १ लाख ऋणमा ३ लाखको तमसुक, अझै पनि नपाएनन् पीडितले न्याय



***बीरगन्ज,२६ कात्तिक ।***

पर्सा जिल्लामा मिटरब्याजका नाममा भइरहेको अनुचित लेनदेनको समस्या अझै पनि अन्त्य हुन सकेको छैन। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार हालसम्म मिटरब्याजसम्बन्धी २ हजार ३६७ उजुरी परेका मध्ये १ हजार ६९७ उजुरी मेलमिलापमार्फत टुंग्याइएका छन्, भने ६ सय ३५ उजुरी अझै फछ्र्योटको पर्खाइमा छन् । प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार मेलमिलाप प्रक्रियाबाट करिब २९ करोड १२ लाख ८५ हजार ५९७ रुपैयाँबराबरको बिगो फिर्ता गराइएको छ । साथै, ४० बिघा १५ कट्ठा १९ धुर जग्गा पनि पीडितको नाममा फिर्ता भएको छ। तर पीडितहरूले भने अझै पनि न्याय नपाएको गुनासो गरिरहेका छन् । किसान मजदुर आन्दोलनका सचिव शम्भुप्रसाद यादवका अनुसार मिटरब्याजको पुरानो शैली अझै उस्तै छ । उनले भने, “१ लाख ऋण दिएर ३ लाखको तमसुक बनाउने साहुकारको प्रवृत्ति अहिले पनि रोकिएको छैन, पीडितहरू अझै त्रसित छन् ।” त्यस्तै, पोखरिया नगरपालिकाका कन्हैया प्रसाद यादवले पाँच वर्षअघि १ लाख १० हजार रुपैयाँ ऋण लिँदा साहुकार जोगिन्दर राउत कुर्मीले ३ लाख ३० हजार रुपैयाँको तमसुक बनाएको आरोप लगाए। यादवले सरकारलाई यस्ता शोषणकारी कार्य रोक्न गम्भीर बन्न आग्रह गरे । मिटरब्याजविरुद्ध सरकारले देशभर अभियान चलाइरहेको छ, तर पर्साका जस्तै घटनाहरूले देखाउँछ– कानुनी कारबाही र नियन्त्रणका प्रयास अझै प्रभावकारी बन्न सकेका छैनन् ।

## वाईसीएलको रहबर अन्सारीलाई चेतावनी :सार्वजनिक माफी मागेर आफूलाई सच्याउनू

***जनकपुर ,२६ कात्तिक ।***

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को भ्रातृ संगठन वाईसीएल नेपालले मधेश प्रदेशसभा सदस्य रहबर अन्सारीलाई संगठनबारे दिएको टिप्पणीका कारण सार्वजनिक रूपमा माफी माग्न चेतावनी दिएको छ । वाईसीएलका अध्यक्ष पुष्प ओलीले अन्सारीले संगठनमाथि गरेको कठोर टिप्पणीप्रति आक्रोश व्यक्त गर्दै “झूट बोल्ने काम नगर्न” चेतावनी दिएका हुन् । ओलीले सामाजिक सञ्जालमार्फत् प्रतिक्रिया जनाउँदै भने, “रहबरजी, वाईसीएल नेपालले जनसेवा, श्रम तथा उत्पादन अभियान सञ्चालन गरेको र पार्टी नेतृत्वको सुरक्षामा अहोरात्र खटिएको तपाईंले देख्नुभएन होला । तर आलिसान महलमा बसेर हाम्रो संगठनमा आवद्ध लाखौं कार्यकर्ताको भावनामाथि



झूट बोल्ने छुट तपाईंलाई कसले दियो?” अध्यक्ष ओलीले अन्सारीलाई बेलैमा सार्वजनिक रूपमा माफी मागेर आफूलाई सच्याउन आग्रह गरेका छन् । उनले चेतावनी दिँदै भने, “जनताको भरोसाबाट बनेको संगठनमाथि असत्य आरोप लगाएर कसैको व्यक्तिगत स्वार्थ सिद्ध गर्न खोज्नु गलत अभ्यास हो ।” उल्लेखनीय छ, रहबर अन्सारीले केही दिनअघि वाईसीएलको गतिविधि र भूमिकाबारे आलोचनात्मक टिप्पणी गरेका थिए, जसपछि संगठनभित्र असन्तुष्टि बढेको थियो ।

रहबर अन्सारी माओवादी केन्द्रका मधेश प्रदेशसभा सदस्य हुन्। उनीसहितका केही सांसदहरूको अडानकै कारण हालै पूर्वमुख्यमन्त्री जितेन्द्र सोनारको सरकार ढलेको थियो ।

## सिरहामा दलितको घर तोडफोड घटना : वडाध्यक्ष थुनछेकका लागि अदालतमा पेस

***जनकपुर,२६ कात्तिक ।***

सिरहाको कल्याणपुर नगरपालिका-८ अरङमा दलित परिवारको घर तोडफोड गरेको घटनामा वडाध्यक्षलाई प्रहरीले थुनछेकका लागि अदालतमा पेस गरेको छ । वडाध्यक्ष रामकिशोर यादवलाई नियन्त्रणमा लिई प्रहरीले अदालतमा पेस गरेको हो ।

वडाध्यक्ष यादवलाई कानुनबमोजिम नियन्त्रणमा लिई थुनछेकका लागि अदालतमा पेस गरेको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए । अरङमा गत असोज १७ गते दिउँसो स्थानीय राजकुमार पासवान, रासलाल पासवान, अशोक पासवान, बिन्दे पासवान र सोभित पासवान गरी



पाँच पासवान परिवारको घरमा विस्थापित हुने गरी ५० जनाभन्दा बढीको समूहले तोडफोड र लुटपाट गरेका थिए । यो घटनामा कांग्रेसबाट उक्त वडामा निर्वाचित वडाध्यक्ष यादव, स्थानीय प्रभास सिंह, नितेश सिंह, शैलेन्द्र सिंह, राजकुमार सिंह, मनोज यादव, कैलाश सिंह, गणेश कामती, मुस्तफा राइनलगायत १३ जनाविरुद्ध आपराधिक उपद्रव तथा जातीय छुवाछूतसम्बन्धी कसुरमा

बाँकी तेश्रो पृष्ठमा⇨

## वृद्ध महिलाको हत्या गरी गरगहना लुट्ने महिला पक्राउ

***जनकपुर,२६ कात्तिक ।***

धनुषा जिल्लाको हंसपुर नगरपालिका-७, नुवाखोर टोलमा एक वृद्ध महिलाको हत्या गरी गरगहना लुटपाट गरेको आरोपमा एक महिलालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार गत कात्तिक २४ गते राति करिब ९ बजे ६२ वर्षीया चन्द्रकला देवी दास आफ्नै घरबाट करिब ५०० मिटर टाढा मृत अवस्थामा फेला परेकी थिइन् । उनी विन्देश्वर दास तत्माकी पत्नी हुन् ।घटनाको जानकारी पाएपछि जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रुगम बहादुर कुवँर र ईलाका प्रहरी कार्यालय सुगानिकाको टोली घटनास्थल पुगेर विस्तृत अनुसन्धान थालेको थियो । अनुसन्धानका क्रममा सोही टोलकी ४५ वर्षीया पवित्री देवी मण्डलले चन्द्रकला देवीको हत्या गरी उनको गरगहना लुटेको प्रमाण फेला परेको प्रहरीले जनाएको छ । मण्डललाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ। उनको साथबाट

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### दबाबमा अर्थतन्त्र

नेपालका बैंकहरूको नाफा घट्दै गएको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा २० वाणिज्य बैंकले १३ अर्ब १४ करोड रुपैयाँ नाफा कमाएका छन्, जुन अघिल्लो वर्षको सोही अवधिभन्दा झन्डै २० प्रतिशत कम हो । सोही अवधिमा बैंकहरूको खराब कर्जा भने बढेको छ । गत वर्ष खराब कर्जा ४ दशमलव शून्य ४ प्रतिशत रहेकोमा यस वर्ष बढेर ४ दशमलव ८६ प्रतिशत पुगेको छ । यी तथ्यांकले बैंकिङ क्षेत्र मात्रै होइन, देशको समग्र अर्थतन्त्रमै पनि दबाब बढ्दै गएको देखाएको छ । बैंकको नाफा घट्नु, कर्जा असुलीमा समस्या देखिनु र खराब कर्जा बढ्नु अर्थतन्त्रको गति सुस्त रहेका प्रस्ट संकेत दिएका छन् । अहिले बैंकका नाफा घट्नुका धेरै कारण छन् । राजनीतिक अस्थिरता, अविरल वर्षाले उत्पन्न प्रकोपमा भएको जनधनको क्षति र फेरि आन्दोलन हुने आशंकाले बजारमा देखिएको अन्योल मुख्य कारण मानिएको छ । भदौको जेनजी आन्दोलन र असोजको बाढीपहिरोले बैंकिङ कारोबार प्रभावित भएकाले पनि कर्जा असुली र नाफा प्रभावित भएको हुन सक्छ । धेरै ऋणीले समयमा साँवा-ब्याज तिर्न नसक्दा बैंकको ब्याज आम्दानी बढे पनि कर्जा असुली घटेको हुन सक्छ । अर्को कारण निष्क्रिय कर्जा बढेसँगै त्यसका लागि राख्नुपर्ने प्रावधान रकम बढ्दा बैंकहरूको नाफा स्वाभाविक रूपमा घटेको देखिन्छ । कर्जा प्रवाहमा देखिएको सुस्तता अर्को चिन्ताको विषय हो । अस्थिरता र असुरक्षाका कारण निजी क्षेत्र लगानी गर्न हिच्किचाइरहेको छ । बजारमा विश्वासको कमी छ भने राजनीतिक अनिश्चितता र सरकारी निर्णयमा ढिलाइले लगानीको वातावरण कमजोर बनेको छ । यसअघि सरकारले बजेट र मौद्रिक नीतिमार्फत अर्थतन्त्र चलायमान हुने अपेक्षा जगाए पनि त्यसको ठोस परिणाम नआउँदै भएको आन्दोलनले नयाँ चुनौती सिर्जना गरिदिएको छ । यी चुनौती सामना गर्न र तत्काल सुधारको संकेत नआएपछि बैंकहरू आर्जनभन्दा पनि जोखिम व्यवस्थापनमा व्यस्त भएकाले पनि अर्थतन्त्रको गति सुस्ताएको हो । झट्ट हेर्दा बैंकहरूको नाफा घट्नु वा खराब कर्जा बढ्नु बैंकिङ क्षेत्रको नियमित र सामान्य समस्याजस्तो लाग्छ । तर यसले मुलुकको आर्थिक स्वास्थ्य कमजोर बन्दै गएको संकेत गरेकाले गम्भीरताका साथ लिनुपर्छ । यसका कारणबारे विचार विमर्श गर्न सकिएला तर दोष एकअर्कालाई दिएर विवाद गर्ने समय भने अहिले होइन । बरु सही समाधान खोज्नेबेला हो । राजनीतिक स्थिरता, नीति-नियममा स्पष्टता र लगानीमैत्री वातावरणबिना अर्थतन्त्रमा स्थायित्व आउन सक्दैन । राज्य, निजी क्षेत्र र नियामक निकायबीच विश्वासको वातावरण पुनर्स्थापित गर्न सके मात्र बैंकहरूको नाफा र देशको अर्थतन्त्र दुवै पुनर्जीवित हुन सक्छ ।

## समाजवादको क्रमिक क्षयीकरण

**सीके लाल**



हालसालै कम्युनिस्ट नामधारी एमाले दलका सर्वेसर्वा र खसआर्य समुदायका नृजातीय मुख्तियार खड्गप्रसाद शर्मा ओलीका राजनीतिक अनुचरहरूले मधेश प्रदेशमा एउटा कलाविहीन नाटक मञ्चन गरेका रहेछन् । मञ्चन कलात्मक नभए पनि पटकथामा नाटकीयता भने मनग्गे थियो । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी सोमबार बिहान ४ बजे बिरामी भएको कारण जनाउँदै जनकपुरबाट काठमाडौंका लागि प्रस्थान गर्छिन् । तत्कालीन कामचलाउ मुख्यमन्त्री जितेन्द्र सोनल उनलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बिदाइ गर्छन् । बर्दिबासको पानस कटेज पुगेपछि महामहिमलाई लाग्छ, एउटा महत्त्वपूर्ण काम त छुटेछ । आफ्नो मातृदलका अस्वस्थ प्रदेश प्रमुखलाई श्रद्धा एवं भक्तिपूर्वक पछ्याइरहेका प्रदेशसभा सदस्य सरोजकुमार यादवलाई होटलमै डाकेर उनी मुख्यमन्त्री पदको नियुक्तिपत्र थमाउँछिन् र हतार-हतार बिनाकुनै तामझाम पद तथा गोपनीयताको शपथग्रहण गराउँछिन् । त्यसपछि बल्ल उनलाई आफ्नो बिग्रँदो स्वास्थ्यको सम्झना हुन्छ र राजधानीतिर हुइँकिन्छिन् । यस प्रकार नाटकको पहिलो दृश्यको समापन हुन्छ । प्रदर्शनको पटाक्षेप भने भइसकेको देखिँदैन । केही समयको अन्तरालपछि राजनीतिक ड्रामाहरूका सिद्धहस्त निर्देशक शर्मा ओलीले मञ्चमा नयाँ-नयाँ कलाकार हरूलाई उभ्याउँदै पटकथामा थप तोड, मरोड र होड सिर्जना गरेर प्रस्तुतिलाई झन् रोमाञ्चक बनाए भने अचम्म मान्नुपर्ने छैन । यसैबीच सुवेदी भण्डारीको शारीरिक स्वास्थ्य बुलेटिन अहिलेसम्म सार्वजनिक गरिएको छैन् तर राजनीतिक स्वास्थ्य बिग्रिएकाले उनलाई पदमुक्त गरिएको निर्णय भने सबैले थाहा पाइसकेका छन् । एमाले नामधारी दलसँगको संलग्नता एवं पार्टीका सर्वेसर्वा शर्मा ओलीप्रतिको अटुट बफादारीबाहेक प्रदेश प्रमुख पदमा नियुक्त हुन लायक उनको क्षमता के कस्तो थियो भन्ने कुरा अहिलेसम्म स्पष्ट हुन सकेको छैन । संविधानप्रति प्रतिबद्ध, दलीय आबद्धताबाट मुक्त, संसदीय परम्पराको समझ, पदीय दायित्वको बोध, स्वच्छ छवि, पारदर्शी कार्यसम्पादन एवं उच्च नैतिकताजस्ता चारित्रिक विशेषताबेगर प्रदेश प्रमुखजस्तो सम्मानित पदको जिम्मेवारी निर्वाह गर्न सकिँदैन । विवादित निर्णय, पदीय गरिमाविपरीत आचरण र अनुपयुक्त कार्यसम्पादनले गर्दा पदमुक्त भएपछि सायद सुवेदी भण्डारीलाई उच्च राजनीतिक नैतिकताबारे ज्ञान बाँड्ने पर्याप्त अवसर उपलब्ध हुनेछ । मार्क्सवाद र लेनिनवादजस्ता वामपन्थी वैचारिकतासँग सम्बन्धविच्छेद गरिसकेको भए तापनि एमाले फुर्को परित्याग गर्न नसकेको दलका राजनीतिकर्मीहरूमा द्वैध चरित्र–अभिनय क्रान्तिकारी, आशय प्रतिगामी–देखिनु अस्वाभाविक होइन । चिन्ता के हो भने एमालेको निरन्तर पतन हुँदै गयो भने समग्र वामपन्थ नै बदनाम भएर प्रतिगामी राजनीतिलाई विश्वसनीय चुनौती दिने सोचसमेत कमजोर बन्नेछ । धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक एवं शैक्षिक तवरले अत्यधिक प्रभावशाली रहेका बहुसंख्यक उच्च तथा मध्यमवर्गीय बाहुनहरूको राजनीतिक मोर्चाजस्तो रहेको एमाले दलको दिशा सुस्तरी तर निश्चित रूपले वामपन्थबाट 'बार्दलीपन्थ' तिर उन्मुख हुनु त्यस पार्टीका घनघोर आलोचकहरूका लागि पनि खुसीको खबर होइन । अहिले एमाले भनिने राजनीतिक समूहको जन्म माओवादको नक्सलवादी भ्रूणबाट सन् १९७० को दशकमा भएको थियो । सन् १९८० को जनमत संग्रहपछि तत्कालीन मार्क्सवाद-लेनिनवाद-माओवाद सिद्धान्तमा 'महेन्द्रवाद' को लेपन लगाउन सुरु भइसकेकाले झापाली नक्सलपन्थीहरूको राजनीतिक पेन्डुलम उग्र वामपन्थबाट सोझै कट्टर दक्षिणपन्थमा पुग्ने अवस्था सिर्जना भएको थियो । गिरिजाप्रसाद कोइरालाको बहुउद्धृत अभिव्यक्ति- 'माले, मण्डले र मसाले एकै हुन्'- उनको तत्कालीन राजनीतिक निराशाको लक्षण मात्र नभएर नेपालको राजनीतिक समग्र परिदृश्यलाई समेत प्रतिविम्बित गरेको थियो । संख्यात्मक समर्थक कम रहेको भए तापनि अपेक्षाकृत उच्च राजनीतिक चरित्र भएका मनमोहन अधिकारीजस्ता मार्क्सवादीहरूसँग एकताबद्ध हुन बाध्य बनाएर तत्कालीन 'मालेमा-महेन्द्रवादीहरू' लाई गणेशमान सिंहले संसदीय विनाश हुनबाट जोगाइदिएका थिए । सायद त्यसैले होला, मदन भण्डारीले सन् १९९१ तिर न्युजविक अंग्रेजी साप्ताहिकसँगको अन्तर्वार्तामा लेनिन, माओ वा नक्सलपन्थको महिमामण्डन नगरेर 'नेपालमा मार्क्स जिउँदा छन्' भन्ने दाबी गरेका थिए । सर्वहाराको अधिनायकवाद विचारधारालाई संसद्वादको प्रजातान्त्रिक मूलधारमा समाहित गराउनका लागि मदन भण्डारीले गरेको वैचारिक, सैद्धान्तिक र बौद्धिक कलाबाजीलाई उनले जनताको बहुदलीय जनवाद (जबज) नामकरण गरेका थिए । सन् १९९३ को दुर्भाग्यपूर्ण मोटर दुर्घटनामा उनको असामयिक मृत्युपछि भने जबज अवधारणालाई जपनीय मन्त्रबाट अनुकरणीय व्यवहारमा रूपान्तरित गर्न सक्ने क्षमता कुनै पनि एमालेका हर्ताकर्तामा नदेखिएपछि वामपन्थले छाडेको खाली ठाउँ भर्न सन् १९९६ तिर माओवाद ब्रान्ड लिएका उद्यमीहरू राजनीतिक बजारमा उत्रिएका थिए । अहिले न एमालेभित्र मार्क्सवाद-लेनिनवादको लेस बाँकी छ, न त माओवादीहरू कतैबाट पनि भौतिक सर्वहारावादी छन् । महेन्द्रवादको क्षणिक उन्मादमा नेपाली कांग्रेसको वैचारिक धारलाई सन् २०१५ तिर तत्कालीन पार्टी अध्यक्ष तथा पदासीन प्रधानमन्त्री सुशील कोइरालाले 'बालकोटको बार्दली' मा लगेर बुझाएदेखि नै त्यस दलको राजनीतिक चरित्र एमालेसँग नछुट्टिने गरी गाँसिन पुगेको छ । सबै किसिमका वामपन्थीहरूले अर्थराजनीतिक मञ्च पूरै खाली गरिदिएपछि मुक्तिदाता, तारणहार वा व्यवस्थापक भएर राजनीति गर्न चाहने प्रियतावादीहरू उत्साहित हुनु स्वाभाविक नै हुने भयो । **वामपन्थको सन्ध्याकाल** आजभोलि वामपन्थी राजनीतिको सूर्य अस्ताउँदै गएको देख्नका लागि पुँजीवादको सुनौलो चस्मा लगाइराख्नु पर्दैन । यो केवल नेपालको समस्या होइन, विश्वभरि फैलिँदै गएको दीर्घ संक्रमण हो । सन् १९८९ तिर पूर्वी युरोपमा कम्युनिस्ट शासनको पतनसँगै सुरु भएको सोभियत संघको अन्तःस्फोट सन् १९९१ मा आइपुग्दा वामपन्थी चिन्तक एरिक हब्सबामका अनुसार साम्यवादी अर्थराजनीतिको विश्वव्यापी

बाँकी तेश्रो पृष्ठमा⇨

## राजनीतिक दल सुधारको मार्गचित्र

**ऋतिक यादव**

आज देशको राजनीति एउटा विशिष्ट बिन्दुमा पुगेको छ । २३ र २४ भदौको परिवर्तनकामी जेन-जी विद्रोहपछि देशको राजनीतिक तथा शासकीय स्वरूपमा हुनुपर्ने संरचनात्मक परिवर्तनका सम्बन्धमा विचार-विमर्श जारी छ । राजनीतिप्रति बेमतलबी रहेका भनिएका युवाहरूको राजनीतिप्रतिको चासो, सरोकार तथा चिन्ता शिखरमा छ । निर्वाचन सन्निकट भएकाले मतदाता नामावलीमा नामांकन गराउने नयाँ मतदाताको संख्या बढ्दो छ । यसै पृष्ठभूमिमा नेपालको लोकतन्त्रको क्षयीकरणका कारक भनिएका पुराना राजनीतिक पार्टीहरू हौसिएर पछिल्लो आन्दोलनको 'म्यान्डेट' भन्दै पार्टी पुनर्निर्माण, एकता तथा सुदृढीकरणका प्रयासमा लागेका छन् । राष्ट्रिय जीवनमा योगदान पुऱ्याएका सेलिब्रिटी व्यक्तित्व, जेन-जी विद्रोहका अगुवा तथा केही अभियन्ताहरूका नयाँ राजनीतिक दलहरू पनि मैदानमा 'डेब्यु' गर्न तयार छन् । तर, परिवर्तित राजनीतिक परिवेशमा लोकतन्त्रको प्राणवायु मानिने राजनीतिक दलहरूको सांगठनिक स्वरूप, कार्यसूची तथा प्राथमिकता कस्तो हुनुपर्छ ? राजनीतिक दल कानुनका प्रावधानहरूमा के-कस्तो संशोधन हुनुपर्छ, लगायतका यक्ष प्रश्नमाथि अर्थपूर्ण चिन्तन-मन्थन भएको छैन । **दर्शनमा स्पष्टता** समान राजनी ।तिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले समूह बनाई संविधान, कानुन र नियमावलीअनुसार राजनीतिक दल खोल्न सक्छन् । तर दलको वैचारिकी भने सम्बन्धित दलकै स्वायत्तताको प्रश्न हो । यद्यपि, दलभित्रको विचारप्रतिको प्रतिबद्धता तथा समर्पणको अभ्यासगत प्रश्न सार्वजनिक खपतकै विषय हो । राजनीतिक दलका लागि निश्चित सिद्धान्त, दर्शन र विचार पूर्वसर्त हुन्छन् । विचारकै चुम्बकले यसलाई आफ्नो निश्चित अभिलाषा पूर्ति गर्न मतदाताबाट निर्वाचनजस्तो वैधानिक प्रक्रियाबाट समर्थन प्राप्त हुन्छ । नेपालका पुराना दलहरूको वैचारिकीमा खासै अस्पष्टता नभए तापनि उक्त विचारबाट दलगत व्यवहारहरू निर्देशित भएका छैनन् । व्यवहारको तहमा कांग्रेससँग लोकतान्त्रिक समाजवाद छैन, एमालेसँग जनताको बहुदलीय जनवाद छैन, मधेशी दलहरूसँग मधेशवाद छैन । नयाँ भनिएका दलहरूका त सैद्धान्तिक उद्देश्य नै प्रस्ट छैनन् । उनीहरूसँग आधारभूत राजनीतिक प्रश्नहरूका सम्बन्धमा पनि द्विविधा कायमै छ । निर्वाचनको गणितको आधारमा प्राविधिक जित-हारसँग मात्र सरोकार छ, राजनीतिक विधिशास्त्र शून्यतामा छ । निर्वाचनको सम्मुखमा विपरीत राजनीतिक दर्शन भएका शक्तिहरूसँग अप्राकृतिक गठबन्धन गर्ने कार्य नियमित राजनीतिक अभ्यास भइसकेका छन्, जसले विचारको घाँटी निमोठ्ने काम गरेको छ । त्यसैले, अब बन्ने राजनीतिक दलहरूले विचारतन्त्रबाट निर्देशित भई सोही विचारलाई संस्थागत गर्नेबाहेक अन्य अस्वाभाविक राजनीतिक अभ्यास गर्नु हुँदैन । दलगत तथा व्यक्तिगत स्वार्थको क्षणिक उपलब्धिमा संकुचित हुनुभन्दा बृहत्तर राष्ट्रिय स्वार्थको संरक्षण तथा प्रवर्द्धन गर्ने अभ्यासतर्फ परिलक्षित हुनु जरुरी छ । पार्टीभित्र वैचारिकीउपर बहस गराउन 'थिंक ट्यांक' र स्कुल विभाग जस्ता अन्य सम्बद्ध संयन्त्रहरूलाई सक्षम, क्रियाशील तथा प्रभावकारी बनाइनुपर्छ ।

**कार्यात्मक आन्तरिक लोकतन्त्र**

हार्वर्ड विश्वविद्यालयका प्राध्यापकद्वय स्टिभेन लेभित्स्की र डेनियल जिब्लाटले आफ्नो कृति 'हाउ डेमोक्रेसिज डाई : ह्वाट आवर हिस्ट्री रिभिल्स अबाउट आवर फ्युचर' पुस्तकमा राजनीतिक दललाई कार्यात्मक लोकतन्त्रको आधारको संज्ञा दिँदै लोकतन्त्रको प्रमुख रक्षकका रूपमा व्याख्या गरेका छन् । त्यस्तै, प्राध्यापक कृष्ण खनालले लोकतान्त्रिक राज्य व्यवस्थामा लोकतन्त्रलाई अझ लोकतान्त्रिक गर्ने काम दलहरूको रहेको उल्लेख गर्नुभएको छ । यसका लागि पूर्वसर्त हो- दलभित्रको लोकतन्त्र । तर, नेपालका दलहरूमा कानुनतः पाँच-पाँच वर्षमा महाधिवेशन गर्ने बाध्यता भएकाले उक्त औपचारिकताबाहेक आन्तरिक लोकतन्त्रको अभ्यास गर्नेतर्फ ठोस पहलकदमी भएको छैन । देशमा प्रमुख भनिएका सबैजसो दलहरू मुद्दा प्रधान नभई व्यक्ति प्रधान रहेका छन् । एउटै व्यक्ति सधैंजसो पार्टीको सुप्रिमो भइरहने अभ्यास छ । उक्त व्यक्तिलाई 'माइनस' गरे दल नै समाप्त हुने भय कार्यकर्ता पंक्तिमा सिर्जित हुन पुगेको छ । अमूक व्यक्तिलाई पार्टीको नेतृत्वमा राखिराख्न दलको विधान संशोधन गर्ने, प्रश्न गर्नेको 'राजनीतिक क्यारियर' नै सखाप पार्ने वा दण्डित गर्नेसम्मको अभ्यास हुने गरेका छन् । त्यसैले, अब नयाँ राजनीतिक दलहरूले व्यक्ति हैन, विचारको केन्द्रीयतालाई मनन गर्दै राजनीतिक अवसरको विविधीकरणतर्फ आवश्यक व्यवस्था गर्नुपर्छ । एउटै व्यक्ति एक कार्यकालभन्दा बढी पार्टीको प्रमुख हुन नमिल्नेजस्ता निषेधात्मक व्यवस्था राजनीतिक दलसम्बन्धी ऐनमा गर्नु उपयुक्त हुन्छ । असफल भएर पनि नेतृत्वमा बसिरहने अभ्यासलाई निस्तेज पार्दै योग्यता,

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## बंगालादेशमा शृंखलाबद्ध बिस्फोटपछि सुरक्षा व्यवस्था कडा

*काठमाडौं,२६ कात्तिक ।*

पछिल्ला डेढ महिनामा प्रदर्शनका लागि भड्काउन खोज्ने ५ सय ५२ जनालाई व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । बंगलादेशमा विगत तीन दिनयता शृंखलावद्ध बिस्फोट तथा आगजनीका घटना भएपछि सुरक्षा व्यवस्था कडा पारिएको छ । यहाँ उग्रवादीहरुले तथा बसहरुमा क्रुड बम फालेका थिए । बंगलादेशी सञ्चारमाध्यम द डेल्ली स्टारका अनुसार पछिल्ला आइतबार र सोमबारमात्रै १७ ठाउँमा बम फालिएको छ भने ९ वटा गाडीमा आगजनी भएको छ । पछिल्ला २४ घण्टामा ५० जना शंकास्पद व्यक्ति पक्राउ परेको पनि समाचार उल्लेख छ । सोमबार मिरपुरमा मुख्यालय रहेको ग्रामिण विकास बैंक तथा राजधानीका ढाकाका विभिन्न अस्पताल र बजारमा बम फालिएको थियो । त्यस्तै ठूलो संख्यामा बस तथा निजी सवारी जलाइएको छ । राष्ट्रिय नागरिक पार्टीको कार्यालयमा आक्रमण हुँदा त्यहाँ रहेका एक मानिस घाइते भएका छन् । मंगलबार सबेरै (३ बजेर १५



मिनेट जाँदा ) उत्तरी बंगलादेशको माइमेनसिंहस्थित बसपार्कमा एक बसमा आगजनी हुँदा त्यही निदाइरहेका ड्राइभर झुलहास मियाको जलेर मृत्यु भएको छ । बसमा रहेकी एक महिला र उनका छोरा आगजनीले गम्भीर घाइते छन् र उनीहरुलाई ढाकामा उपचारका लागि ल्याइएको छ । अन्य घटनामा पनि धेरै सर्वसाधारण घाइते भएका छन् । बंगलादेशमा आगामी फेब्रुअरीमा आम चुनाव हुँदैछ । तर, आन्दोलनपछि देशबाट भागेकी पूर्व प्रधानमन्त्री शेख हसिना नेतृत्वको अवामी लिग पार्टीलाई यस चुनावमा सहभागी हुन दिइएको छैन । यस पार्टीका राजनीतिक गतिविधिमाथि पनि रोक लगाइएको छ । यसको विरोधमा बिहीबारका लागि अवामी लिगले ढाका बन्द आव्हान गरेको छ । **सरकारले कडा निगरानी गर्ने** बंगलादेशका सरकारी अधिकारीहरुले बन्दलाई निष्प्रभावी बनाउन सुरक्षा व्यवस्था कडा पारेका छन् । बंगलादेशको गृहमन्त्रालयका सल्लाहकार जहानगिर आलम चौधरीले देशभर सुरक्षाकर्मीले गस्ती गरिरहेको बताए । सरकारी भवनको सुरक्षा व्यवस्था पनि बढाइएको उनले बताए । उनले अवामी लिग पार्टीको बन्दले कुनै असर नगर्ने दाबी पनि गरे ।

## जर्जियामा टर्कीको सैन्य विमान दुर्घटना, २० जनाको मृत्यु

*काठमाडौं,२६ कात्तिक ।*

टर्कीको एक सैन्य कार्गो विमान जर्जियाको पूर्वी क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा चालक दलका सदस्यसहित विमानमा सवार सबै २० जनाको मृत्यु भएको टर्की सरकारले पुष्टि गरेको छ ।
टर्कीको रक्षा मन्त्रालयका अनुसार उक्त सी-१३० हर्कुलस विमानले मंगलबार दिउँसो अजरबैजानको पश्चिमी सहर गन्जाबाट उडान भरेको थियो र केही समयपछि जर्जियाको आकाशीय क्षेत्र पार गर्दै गर्दा दुर्घटनामा परेको हो । विमानमा रहेका सबै २० जना सुरक्षाकर्मी र प्राविधिक जनशक्तिको निधन भएको जनाइएको छ । टर्कीका रक्षामन्त्री यासर गुलरले आफ्नो आधिकारिक एक्स खातामा विज्ञप्ति प्रकाशित गर्दै भने, 'अजरबैजानबाट स्वदेश फर्कंदै गरेको हाम्रो सी-१३० सैन्य कार्गो विमान दुर्घटनामा परेर ११ नोभेम्बर २०२५ मा हाम्रा वीर सहकर्मीहरू शहीद भएका छन् । देशले उनीहरूको बलिदानलाई सधैं सम्झनेछ ।' दुर्घटनाको कारणबारे टर्कीले हालसम्म औपचारिक विवरण सार्वजनिक गरेको छैन । तर अजरबैजानका सञ्चारमाध्यमहरूले प्रकाशित गरेका प्रत्यक्षदर्शी दृश्यहरूमा विमान हावाबाट तीव्र रूपमा खस्दै जमिनमा



ठोक्किएपछि ठूला-ठूला टुक्रामा फुटेको र वरिपरि धुवाँको मुस्लो उठेको देखिन्छ । जर्जियाको गृह मन्त्रालयका अनुसार दुर्घटना अजरबैजान सीमाबाट करिब पाँच किलोमिटर टाढा सिघनाघी क्षेत्रमा भएको हो । मन्त्रालयले स्थानीय सुरक्षा निकाय र उद्धार टोलीहरू घटनास्थलमा पठाइसकेको छ र आवश्यक अनुसन्धान सुरु गरिएको जनाएको छ ।जर्जियाको एयर ट्राफिक कन्ट्रोलका अधिकारीहरूले विमान आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेलगत्तै राडार सम्पर्क हराएको जानकारी दिएका छन् । 'विमानले कुनै सङ्कट सङ्केत प्रसारण नगरी अचानक सम्पर्क विच्छेद भयो', एक वरिष्ठ अधिकारीले भने । त्यसपछि आपतकालीन सेवाहरूले दुर्घटनास्थल पत्ता लगाएका थिए । दुर्घटनामा परेको सी-१३० हर्कुलस विमान अमेरिकी कम्पनी लकहिड मार्टिनद्वारा निर्मित हो । यसलाई विश्वभरका सेनाहरूले मालसामान र जनशक्ति ढुवानीका लागि प्रयोग गर्ने गर्छन् ।

टर्की र जर्जियाका अधिकारीहरूले संयुक्त रूपमा दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन् । प्रारम्भिक मूल्याङ्कन अनुसार खराब मौसम वा प्रविधिगत समस्या दुर्घटनाको सम्भावित कारण हुनसक्ने बताइएको छ । टर्की सरकारले शहीद सैनिकहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उनीहरूको परिवारप्रति समवेदना प्रकट गरेको छ ।

## गाजामा जीवन बचाउन हरेक प्रयास गर्ने संयुक्त राष्ट्रसङ्घको प्रतिबद्धता

*काठमाडौं,२६ कात्तिक ।*

संयुक्त राष्ट्र सङ्घले आफ्ना मानवीय साझेदारहरूसँग मिलेर गाजा पट्टीमा जीवन बचाउन सम्भावित हरेक प्रयासहरू गर्ने आफ्नो प्रतिबद्धता जनाउदै हमास र इजरायलबिचको युद्धविराम सम्झौता भएको लामो समय पछि पनि राहत प्रयासहरू जारी रहेको जनाएको छ । मानवीय मामिला तथा आपतकालीन राहत संयोजकका लागि संयुक्त राष्ट्रसङ्घका उपमहासचिव टम फ्लेचरले विज्ञप्तिमा जारी गर्दै १० लाख भन्दा बढी मानिसलाई खाद्यान्न सहायता प्रदान गर्ने, पोषण केन्द्रहरू पुन: खोल्ने र खोप अभियान पुन: सुरु गर्ने जनाएका छन् ।

यसका साथै उनले पानीका लाइनहरू मर्मत गर्ने, अस्पतालहरूलाई पुनर्स्थापना गर्ने र सञ्चालनमा ल्याउने जाडोको कपडा वितरण गर्नुका साथै मनोसामाजिक सहायता सेवाहरू प्रदान गर्ने जस्ता मानवीय कार्यहरू जारी रहेको बताएका छन् । यद्दपी धेरै अवरोधहरू बाँकी रहेको जनाउदै यसलाई पार गर्न, आवश्यक मानवीय साझेदारहरूलाई सक्षम बनाउन, थप सीमाहरू मार्गहरू खोल्न र निरन्तर शान्ति सुरक्षा प्रवर्द्धन गर्न काम गरिरहेको फ्लेचरले बताए ।

प्रतिबन्धहरू कम भएमा संयुक्त राष्ट्रसङ्घले जीवन बचाउन अझ धेरै कार्य गर्न सक्ने उल्लेख गर्दै उनले नाजुक अवस्था र निरन्तर अवरोधहरूको बाबजुद, संयुक्त राष्ट्रका एजेन्सीहरू तथा साझेदारहरू गाजामा सहायता पुगाउन निरन्तर सक्रिय रहेको जनाएका छन् ।

### समाजवादको क्रमि......

प्रयोगको विघटनसँगै 'छोटो बीसौं शताब्दी (सन् १९१४-१९९१)' को अन्त्यमा पुगेर टुंगिएको थियो । विश्व भूराजनीतिको द्विध्रुवीय ढाँचा भत्किएपछि वैकल्पिक विचारलाई आड दिने शक्ति बाँकी रहेन ।महात्मा मार्क्सका अनुयायीहरूलाई लाग्थ्यो, पुँजीवाद आफ्नै अन्त्यको बीउ बोकेर बसेको छ । तर इतिहासले सधैं महात्माहरूले परिकल्पना गरेको बाटोमा मात्रै हिँड्दैन । मार्क्सवादले परम्परागत धर्महरूलाई नयाँ विश्वव्यापी पन्थद्वारा प्रतिस्थापन गर्ने प्रयत्न गरेको थियो । नवउदारवादी विश्व व्यवस्थाले भने नाफा एक मात्र देउता, उन्मुक्त बजार सबैको साझा मन्दिर, दलाल र व्यापारी पुजारी एवं उपभोक्ता भने धर्मभिरु जमात हुने उत्तर-आधुनिक उग्र सम्प्रदायको अभेद्य संरचना खडा गरेको छ ।सुरुमा सायद परम्परागत वामपन्थी दलहरूलाई लागेको होला, नवउदारवाद धर्म नभएर फगत एउटा लहर हो र जो आफैं मन्द हुँदै गएर समाप्त हुनेछ । साभार ईकान्तिपुर ।

### राजनीतिक दल...........

क्षमता तथा कार्यसम्पादनको आधारमा वैज्ञानिक मूल्यांकनद्वारा पार्टीभित्रको पदाधिकारी छनोट गर्ने पद्धति बसाल्नु जरुरी छ । **नेतृत्व तहमा युवा** समकालीन राजनीतिक दलहरूमा रहेको अर्को समस्या हो- निर्णायक तहमा युवाको प्रतिनिधित्व नहुनु । अधिकांश दलमा निर्णायक तहका पदाधिकारीहरू ज्येष्ठ नागरिकहरू रहेका छन् । युवालाई भने पार्टीको भ्रातृ संगठन वा विद्यार्थी संगठनजस्ता सांकेतिक संयन्त्रमा राखेर फकाइएको देखिन्छ, जसले कुनै प्रकारको हस्तक्षेपकारी भूमिका निर्वाह गर्दैन । युवाहरू वयोवृद्ध नेताहरूको 'एस-म्यान' को हैसियतभन्दा माथि उक्लिन सकेका छैनन् । जेन-जी विद्रोह हुनुको एउटा कारण यो पनि थियो । त्यसैले, युवा/जेन-जी पंक्तिलाई दलको कार्यकारिणी समितिमा राख्नुपर्छ । यसक्रममा देशको विविधतालाई समेत सुनिश्चित गर्नुपर्छ । यसका लागि कम्युनिस्ट पार्टीहरूमा प्रचलित तीन पुस्ता (वृद्ध, प्रौढ र युवा) लाई क्रमशः एकतिहाइको दरले नेतृत्वमा ल्याउनुपर्ने भनी 'थ्री इन वान' को अभ्यास अनुकरणीय हुन सक्छ । पुराना पार्टीहरूले पटकपटक प्रधानमन्त्री भइसकेकाहरूलाई सक्रिय राजनीतिबाट अनिवार्य अवकाश दिनुपर्छ, पार्टीको सल्लाहकारको समूहमा राख्नुपर्छ ।साभार ईकान्तिपुर ।

### मधेश प्रदेश सरकार....

यादवलाई सोमबार सबेरै बर्दिबासको एउटा होटलमा मुख्यमन्त्रीको शपथ गराएकी थिइन् । त्यसको राजनीतिक, संवैधानिक तथा नैतिक रूपमा गलत भन्दै आलोचना भएसँगै विवाद अदालतमा पनि पुगेको हो ।

### वृद्ध महिलाको हत्या.............

मृतकका २ थान झुम्का, २ थान बाली, २ थान मंगलसूत्र र २ थान खुट्टाको कडा बरामद गरिएको छ । साथै, मृतकलाई मार्न प्रयोग गरिएको हतियार पनि प्रहरीले फेला पारेको छ । धनुषा जिल्ला अदालतबाट म्याद लिएर मण्डलमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक गणेश बहादुर बमले जानकारी दिएका छन् ।

### सिरहामा दलित............

इलाका प्रहरी कार्यालय, मिर्चैयामा किटानी जाहेरी दर्ता भएको थियो । जसमध्ये वडाध्यक्ष यादवसहित गणेश र कैलाश घटनाको भोलिपल्टै असोज १८ मा पक्राउ परेका थिए भने मनोजलाई प्रहरीले असोज २० मा पक्राउ गरेको थियो । जसमा वडाध्यक्ष मुद्दाको अनुसन्धानकै क्रममै बिरामीको कारण देखाउँदै हाजिरी जमानीमा रिहा भएका थिए भने कैलाश सिंहलाई धरौटीमा छाड्दै अदालतले गणेश र मनोजलाई पुर्पक्षका लागि कारागार पठाइसकेको छ ।

### राजश्व चुहावट ...........

सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक रविनराज कर्णजीत फोन नम्बर ९८५१२५९६१७० र सुदूरपश्चिम प्रदेश अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म त्रिनगर कैलाली र प्रस्तावित सीमा सुरक्षा गुल्म गड्डाचौकी कञ्चनपुरमा रहेर सो प्रदेशको अन्य सीमा नाकाको निगरानी गर्न सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक गंगाराम श्रेष्ठ फोन नम्बर ९८५१२६७७७७० रहेको छ ।

# स्वास्थ्य

## गर्भाधानका लागि सबैभन्दा उपयुक्त उमेर कुन हो ?




ह 'बच्चा खेर गयो', 'बच्चा बसेन', 'संग्लो भएन' – यस्ता वाक्य सुन्नु आजभोलि सामान्यजस्तै भइसकेको छ । गर्भ रहनु र त्यो सफलतापूर्वक पूर्ण अवधिसम्म पुग्नु भनेको सजिलो प्रक्रिया भने होइन । गर्भ नबस्नुलाई मात्र समस्या मान्ने चलन भए पनि, गर्भ बसेपछि पनि त्यसलाई यथावत राख्न सक्ने शरीरको क्षमता र उमेरले ठुलो महत्व राख्छ । सन्तान जन्माउन ढिलो हुँदा वा अत्यन्त कम हुँदा गर्भ बस्न र बसेमा पनि खेर जाने जस्ता जोखिम हुनसक्छ । त्यसैले, सन्तान उपयुक्त उमेरमै जन्माउनुपर्छ । यसो भनिरहँदा तपाई सोच्नुहोला, बच्चा जन्माउने सहि उमेर कुन हो ? विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) भन्छ, 'महिलाको लागि सन्तान जमाउने उपयुक्त उमेर २० देखि ३५ वर्षसम्मको अवधिलाई मानिएको छ ।' यो समयावधिमा महिलाको शरीरमा हुने हर्मोनल गतिविधि, अण्डाशयको क्षमता, अण्डाको गुणस्तर आदिले गर्भ रहन र त्यसलाई स्वस्थ रूपमा कायम राख्न सबैभन्दा अनुकूल अवस्था सिर्जना गर्छ । पुरुषको हकमा पनि उमेरसँगै शुक्राणुको गुणस्तरमा परिवर्तन आउने हुँदा उनीहरूका लागि २० देखि ४० वर्षको उमेरलाई प्रजननका लागि उत्तम मानिन्छ । **उपयुक्त समयमै सन्तान योजना किन आवश्यक ?** सन्तान जन्माउने प्रक्रिया केवल गर्भ बसाउने मात्र नभई त्यसलाई सुरक्षित रूपमा पूर्ण अवधिसम्म धान्न सक्नु र स्वस्थ शिशु जन्माउने क्षमता पनि हो । शरीरको जैविक घडी सधैं हाम्रो अनुकूल हुँदैन । **महिलाको उमेर र प्रजनन क्षमताको सम्बन्ध** महिलाको प्रजनन प्रणाली हर्मोन प्रोजेस्टोरोन र एस्ट्रोजेनबाट नियन्त्रित हुन्छ । १३ देखि १९ वर्षको उमेर समूहलाई किशोरावस्था भनिन्छ ।

यो समयमा अझै शारीरिक तथा हर्मोनल प्रणाली पूर्णरूपमा परिपक्व भएको हुँदैन । यो अवधिमा गर्भ रहनुले गर्भवतीलाई मात्र नभई गर्भमा रहेको शिशुलाई पनि विभिन्न जोखिम पुऱ्याउँछ । यो अवस्थामा पाठेघर अझै स्थिर नभएकाले महिनावारी चक्र अनियमित हुन सक्छ, जसले गर्भाधानमा समस्या ल्याउने सम्भावना रहन्छ । शरीर पनि परिपक्व भइसकेको छैन । साथै, गर्भ रहेको खण्डमा पनि बच्चा अस्वस्थ हुने, समयअघि नै जन्मिने वा जन्मेपछि विभिन्न स्वास्थ्य समस्या देखापर्ने सम्भावना उच्च रहन्छ । त्योसँगै महत्वपूर्ण अर्को पक्ष हो, गुणस्तरयुक्त अण्डा । गर्भ रहन र जटिलता आउन नदिन स्वस्थ अण्डा निषेचन हुन जरुरी छ । प्रकृतिले छोरी बच्चा जन्मिदै निश्चित अण्डा दिएको हुन्छ । ती अण्डाको गुणस्तर र संख्या उमेरसँगै घट्दै जान्छ । यो प्राकृतिक प्रक्रिया हो । किशोरावस्थामा पहिलो महिनावारी भएपिच्छे उमेर बढ्दै जाँदा महिनावारी चक्रपिच्छे स्वस्थ अण्डा खर्चिंदै जान्छ ।
उमेर बढ्दै गएपछि राम्रो अण्डा खेर गइसक्छ । र खराब अण्डा मात्र रहन्छ । **२० देखि ३५ वर्षको उमेर उपयुक्त** गर्भधारणलाई सहज, सुरक्षित र सफल बनाउन उमेर एक निर्णायक पक्ष हो । महिलाको हकमा २० देखि ३५ वर्षको उमेर र पुरुषको हकमा २० देखि ४० वर्षको उमेरलाई प्रजननको लागि आदर्श मानिन्छ ।

यस अवधिमा हर्मोन, महिलाको अण्डा र पुरुषको शुक्राणुको गुणस्तर, शारीरिक क्षमता, र मानसिक स्थिरता सबै प्रजननका लागि अनुकूल हुन्छन् । यदि सम्भव छ भने, जीवनको यही चरणमा सन्तानको योजना बनाउने प्रयास गर्नु उपयुक्त हुन्छ ।


निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाउँपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय पटेर्वा सुगौली, पर्सा

# जेनजी आन्दोलनमा योजनाबद्ध घुसपैठ भएको दाबी: पूर्वगृहमन्त्री लेखक



***काठमाडौं,२६ कात्तिक ।***

पूर्वगृहमन्त्री रमेश लेखकले हालैको जेनजी प्रदर्शनमा संगठित, योजनाबद्ध र प्रायोजित घुसपैठ भएको दाबी गरेका छन् । मंगलबार नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा गरिएको ब्रिफिङका क्रममा उनले जेनजी आन्दोलन शान्तिपूर्ण मागका रूपमा सुरु भए पनि त्यसमा अर्को समूहले नियन्त्रण जमाउँदै प्रदर्शनलाई 'हाइज्याक' गरेको बताए । उनका अनुसार आन्दोलनका औपचारिक नेतृत्व नखुलेका कारण सरकारले प्रदर्शनअघि नै संवाद र समाधानका लागि पहल गर्न नसकेको थियो । लेखकले भने, "जेनजीकै भाषामा भन्ने हो भने आन्दोलन 'हाइज्याक' भयो । संसद् भवनदेखि अन्य निकायमा भएको आगजनी र लुटपाट स्वतःस्फूर्त होइन, योजनाबद्ध रूपमा गरिएको घुसपैठको परिणाम हो ।" उनले जेनजीका नयाँ पुस्ताका युवाहरूले राखेका उचित र न्यायोचित मागहरू सम्बोधन गर्नुपर्छ भन्दै त्यसका लागि सरकारले चासो देखाउनुपर्ने बताए । तर, उनले चेतावनी दिँदै भने, "जेनजीको सही आन्दोलन र त्यसमा घुसपैठ गरेर देशलाई क्षति पुऱ्याउने तत्वबीच स्पष्ट भिन्नता गर्न आवश्यक छ ।" लेखकका अनुसार माइतीघरबाट सुरु भएको शान्तिपूर्ण प्रदर्शनमा घुसपैठको सुरुवात त्यहींबाटै भएको हो । "बिजुलीबजार पुल पार नहुँदै आन्दोलन अर्कै समूहले कब्जा गरिसकेको थियो," उनले भने । उनले थपे, भदौ २३ गते संसद् भवनमा भएको तोडफोड र त्यसपछिका घटनाहरू त्यसै योजनाबद्ध समूहको परिणाम हुन् । "जेनजी युवाहरूले आफैंले आन्दोलन 'हाइज्याक भयो' भनेका छन् । तर घुसपैठियाहरूले विद्यार्थीहरूलाई अघि राखेर दुर्घटनासम्म पुऱ्याए," लेखकले स्पष्ट पारे ।

# मधेसमा संविधानविपरीत सरकार गठनप्रति लोसपाको आपत्ति, प्रहरी दमनको छानबिन माग



***जनकपुर,२६ कात्तिक ।***

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले मधेश प्रदेशमा संविधानविपरीत सरकार गठन गरिएको भन्दै कडा आपत्ति जनाएको छ । पार्टी अध्यक्ष महन्थ ठाकुरले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "मधेश प्रदेशमा मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति संविधान र लोकतान्त्रिक मूल्यविपरीत भएको छ, जसले प्रदेशको राजनीतिक मर्यादामा गम्भीर आघात पुऱ्याएको छ ।" लोसपाले सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै संविधान अनुसार मात्र सरकार गठन गर्नुपर्ने जोड दिएको छ । साथै, जनकपुरधाममा प्रदर्शनका क्रममा पार्टीका नेता र कार्यकर्ता घाइते भएको घटनामा प्रहरीले गरेको बल प्रयोगप्रति पनि आपत्ति जनाइएको छ ।

प्रेस विज्ञप्तिमा दमन तत्काल रोक्न र दोषी प्रहरीमाथि कानुनी कारबाही गर्न नेपाल सरकारसँग माग गरिएको छ । पार्टीले घाइते नेताहरूको स्वास्थ्य लाभको कामना गर्दै घटनाको भर्त्सना गरेको उल्लेख गरेको छ ।

यस घटनाले मधेश प्रदेशको राजनीतिक स्थायित्व र लोकतान्त्रिक प्रक्रियामा तनाव उत्पन्न भएको बताउँदै, लोसपा सरकारले संवैधानिक मार्गमै अघि बढेर राजनीतिक विवाद समाधान गर्नुपर्ने आग्रह गरेको छ ।

# राजश्व चुहावट नियन्त्रण गर्न सीमा क्षेत्रमा सशस्त्र प्रहरी



***काठमाडौं,२६ कात्तिक ।***

सशस्त्र प्रहरी बल नेपालले बदलिदो सुरक्षा चुनौती र राजश्व अभिवृद्धि गर्ने अभिप्रायकासाथ सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरुलाई मुख्य सीमा नाकाहरूमा खटाएको छ । सीमा नाकाहरूमा खटाइएका बरिष्ठ उपरीक्षकहरुले सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयसँगको आवश्यक समन्वयमा तोकिएको इकाईमा बसी दैनिक तथा साप्ताहिक रुपमा आफूले सम्पादन गरेका कार्य सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा प्रतिवेदन गर्नेछन् । निश्चित समयमा उनीहरूले गरेका कार्य प्रभावकारी देखिएमा संगठनले उक्त कार्यलाई निरन्तर दिन उनीहरूको ठाउँमा अरु सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरूलाई जिम्मेवारी तोकी खटाउनुका साथै सीमा क्षेत्रमा हुने कुनै खबर, सूचना तथा गुनासो भएमा सर्वसाधारण नागरिकहरूले समेत प्रत्यक्ष रुपमा सम्पर्क राख्ने व्यवस्था समेत मिलाइएको छ । उनीहरूले सम्बन्धित सीमा क्षेत्रमा खटेर राजश्व चुहावट, चोरीनिकासी तथा पैठारी सम्बन्धी गैर कानूनी कार्यमा रोक लगाउनुका साथै सो कार्यमा संलग्न देखिएका व्यक्तिहरूलाई तत्काल कारवाहीको दायरामा ल्याउने छन् भने सीमासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण तथा व्यवस्था समेत गर्नेछन् । लागूऔषध, हातहतियार ओसारपसार एवं फरार कैदी लगायत अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरुलाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाउनुका साथै भन्सार, राजश्व अनुसन्धान, उद्योग वाणिज्य संघ, स्थानीय निकाय, स्थानीय व्यापारी एवं सर्वसाधारणसँग समन्वय गरी सीमा अपराध नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत संचालन गर्नेछन् । यस्ता कार्यहरुले भन्सार नाकाबाट बैध तरिका अवलम्वन गरी सामान आयात गर्ने प्रचलन कायम गराउन भन्सार कार्यालय लगायत सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्य गर्ने वातावरण समेत सृजना हुने विश्वास लिईएको छ । बरिष्ठ उपरीक्षकहरुमध्ये कोशी प्रदेश अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टा झापा र प्रस्तावित सीमा सुरक्षा गुल्म रानी मोरङ्गमा रहेर सो प्रदेशका अन्य सीमा नाकामा निगरानी गर्न सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक दिगविजय सुवेदी ९फोन नम्बर ९८५१००१९४२०तथा मधेश प्रदेश अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल नं। ८ गण धनुषा र प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्ज पर्सामा रहेर सो प्रदेशका अन्य सीमा नाकाको समेत निगरानी गर्न सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक माधव प्रसाद पौडेल फोन नम्बर ९८५१२६००२७० लाई खटाइएको छ ।त्यसैगरी लुम्बिनी प्रदेश अन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म डण्डा रूपन्देही, प्रस्तावित सीमा सुरक्षा गुल्म कृष्णनगर कपिलवस्तु र प्रस्तावित सीमा सुरक्षा गुल्म जमुनाह बाँकेमा रहेर सो प्रदेशका अन्य सीमा नाकाको निगरानी गर्न

बाँकी तेश्रो पृष्ठमा⇨

# नेकपाको पुनर्मिलनपछि भीम रावल भावुक: बिछोडको दिनको घाउमा मलम लगाएको महसुस भयो



***काठमाडौं,२६ कात्तिक ।***

मातृभूमि जागरण अभियानका संयोजक डा. भीम रावलले नेकपाको पुनर्मिलनले विगतको विभाजनबाट बनेको घाउमा मलम लगाएको अनुभूति भएको बताएका छन् । बुधबार नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पार्टी एकता हस्ताक्षर कार्यक्रममा बोल्दै रावलले पार्टी एकताको ऐतिहासिक क्षणप्रति आत्मीयता व्यक्त गरे । उनले २०७७ सालमा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको विभाजनको स्मरण गर्दै भने, "जुन बेला प्रतिक्रियावादी शक्तिहरूले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउन विभाजन गराए, सोही ठाउँबाट आज हामी फेरि एकताको बाटोमा उभिएका छौं । आजको यो क्षणले त्यो बिछोडको दिनको आलो घाउमा मलम लगाएको महसुस भइरहेको छ ।"रावलले नेकपाको पुनर्मिलनलाई जनताको विश्वास पुनःस्थापना गर्ने र देशको राजनीतिक स्थायित्वको दिशामा महत्वपूर्ण कदमका रूपमा चित्रित गरे । नेकपा नेताहरूबीच भएको छलफलपछि पार्टी एकता सम्बन्धी ७ बुँदे सहमति भएको र चाँडै औपचारिक एकता घोषणा कार्यक्रम सम्पन्न हुने तयारी रहेको पनि उनले जानकारी दिए । पार्टी एकतामा सहभागी नेताहरूले पनि विभाजनको गल्तीबाट सिक्दै अबको नेकपा देश र जनताको हितमा केन्द्रित हुने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# एनपीएल अब स्टार टीभीबाट पनि प्रसारण, युट्युबमा नदेखिने



***काठमाडौं,२६ कात्तिक ।***

यस वर्षको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट भारतीय स्टार टेलिभिजन नेटवर्क र नेपाली टेलिभिजन च्यानल दुबैबाट प्रसारण हुने भएको छ । नेपाल क्रिकेट संघ (क्यान) का अनुसार स्टार टीभीसँग प्रसारण सम्झौता हिजो मात्र टुंगो लागेको हो ।

यससँगै नेपाली टेलिभिजनहरूले अब एनपीएलका खेलमा एक्सक्लुसिभ प्रसारण अधिकार नपाउने भएका छन् । क्यानले यसअघि नेपालभित्र मात्र प्रसारण अधिकारका लागि टेन्डर आह्वान गरेको भए पनि, अन्तिम समयमा आएर निर्णय परिवर्तन गरेको हो । **युट्युबमा खेल हेर्न नपाइने** गत वर्षजस्तै यसपटक पनि धेरै दर्शकले युट्युबमार्फत खेल हेर्ने अपेक्षा राखेका थिए, तर क्यानले यस वर्ष युट्युबमा एनपीएल प्रसारण नगर्ने निर्णय गरेको छ । यसको सट्टा, क्यानले एक मोबाइल एपमार्फत पेड (सशुल्क) सेवा उपलब्ध गराउने तयारी गरेको छ ।

सो एपमा दर्शकले निश्चित शुल्क तिरेर मात्र प्रत्यक्ष खेल हेर्न पाउनेछन् । क्यानका एक अधिकारीका अनुसार, "देशभित्र टीभी पहुँच नभएका दर्शक र विदेशमा रहेका नेपालीहरूका लागि एपमार्फत खेल हेर्ने व्यवस्था गरिएको हो । तर त्यसका लागि शुल्क तिर्नुपर्नेछ ।" हालसम्म क्यानले यसबारे औपचारिक विज्ञप्ति जारी गरेको छैन, तर बोलपत्रदाताहरुलाई इमेलमार्फत जानकारी दिइसकेको छ । अधिकारीका अनुसार प्राविधिक प्रक्रिया पूरा भएपछि आज साँझ वा भोलिसम्म औपचारिक घोषणा गर्ने तयारी छ । **एनपीएल मंसिर १ गतेदेखि सुरु** एनपीएल क्रिकेट प्रतियोगिता आगामी मंसिर १ गतेदेखि सुरु भएर मंसिर २७ गतेसम्म सञ्चालन हुनेछ ।

यसपटकको लिगमा घरेलु र विदेशी दुवै खेलाडीको सहभागिता रहनेछ, जसले नेपालमा फ्रेन्चाइज क्रिकेटको लोकप्रियता अझ बढाउने अपेक्षा गरिएको छ ।

**नेपाल पोष्ट डेली**
**ई -पेपरका**
**लागि स्क्यान गर्नुहोस्**

मधुमेह (डायबिटिज) रोगबाट बचौं ।

**मधुमेहले,**
❖ शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।
**त्यसैले मधुमेहबाट बच्न,**
❖ शरीरको तौल सन्तुलित राखौं,
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
❖ धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाब व्यवस्थापन गरौं,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा